कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : विनियमावली
दर्ता नं: ०८
दर्ता मिति: २०८२।१०।२०

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा ३७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी तथा नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७ को नियम १५ र १६ को व्यवस्था बमोजिम शिक्षण संस्थालाई मान्यता प्रदान गर्ने र अनुगमनलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न नेपाल इन्जिनियरिङ्ग परिषद्ले देहायका विनियमहरु बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१) यी विनियमहरुको नाम "इन्जिनियरिङ्ग शिक्षण संस्थाको मान्यता तथा अनुगमन विनियमावली, २०८० (स्नातक तहका कार्यक्रम)" रहेको छ।

२) यो विनियमावली परिषद्ले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

क) "ऐन" भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ सम्झनु पर्छ।

ख) "नियमावली" भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७ सम्झनु पर्छ।

ग) "विनियमावली" भन्नाले "इन्जिनियरिङ्ग शिक्षण संस्थाको स्नातक तहका कार्यक्रमहरुको मान्यता तथा अनुगमन विनियमावली, २०८१" सम्झनु पर्छ।

घ) "परिषद्" भन्नाले ऐनको दफा ५ बमोजिम गठन भएको नेपाल इन्जिनियरिङ्ग परिषद् सम्झनु पर्छ।

ङ) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

च) "रजिष्ट्रार" भन्नाले परिषद्को रजिष्ट्रार सम्झनु पर्छ।

छ) "पदाधिकारी" भन्नाले परिषद्को अध्यक्ष, उपाध्यक्ष तथा सदस्य–सचिव सम्झनु पर्छ।

ज) "सदस्य" भन्नाले परिषद्को सदस्य तथा पदाधिकारी समेतलाई सम्झनु पर्छ।

झ) "अख्तियारवाला" भन्नाले यस विनियमावली बमोजिम प्रदत्त अधिकारको प्रयोग गर्ने परिषद्को पदाधिकारी, सदस्य वा व्यक्तिलाई सम्झनु पर्छ।

ञ) "संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई विश्वविद्यालयबाट इन्जिनियरिंग विषयमा अध्ययन अध्यापन गर्न सम्बन्धन प्राप्त गरेका वा विश्वविद्यालयका संकाय वा अध्ययन संस्थान वा स्कूल द्वारा संचालीत शिक्षण संस्थालाई सम्झनु पर्छ।

ट) "अनुसूची" भन्नाले यस विनियमावली अन्तर्गत बनेका अनुसूचीहरु सम्झनु पर्छ।

ठ) "कार्यक्रम" भन्नाले इन्जिनियरिङ्ग शिक्षा प्रदान गर्ने स्नातक तहका कार्यक्रमहरुलाई सम्झनु पर्छ।

ड) "निरीक्षण" भन्नाले परिषद्ले शिक्षण संस्थालाई वा कार्यक्रमलाई मान्यता प्रदान गर्नका लागि त्यस्तो संस्थाको भौतिक पूर्वाधार तथा अन्य मापदण्ड पुरा भएको वा नभएको सम्बन्धी यकिन गर्नका लागि गरिने स्थलगत जांचबुझलाई सम्झनु पर्छ।

ढ) "अनुगमन" भन्नाले परिषद्बाट मान्यता प्राप्त संस्था वा कार्यक्रमको मान्यता निरन्तरताका लागि परिषद्ले तोकेका भौतिक पूर्वाधार तथा मापदण्डहरु पुरा भए नभएको बारेमा यकिन गर्नका लागि गरिने स्थलगत जांचबुझलाई सम्झनु पर्छ। यसरी गरिने अनुगमन नियमित तथा आकस्मिक जांचबुझ समेतलाई सम्झनु पर्छ।

ण) "कार्यक्रम संचालनको मान्यता" इन्जिनियरिंग विषयमा अध्ययन अध्यापन गर्न गराउनका लागि प्रचलित कानुन बमोजिम स्थापना भएका संस्थाले ऐनको दफा २१(क) बमोजिम परिषद्बाट प्रदान गरिने मान्यतालाई सम्झनु पर्छ। संस्थाले यस्तो मान्यता अध्ययन अध्यापन गर्न गराउन अघि नै प्राप्त गर्नु पर्नेछ।

त) "अध्ययन अध्यापन" भन्नाले विश्वविद्यालयको शैक्षिक सत्र अनुसार संचालन गरिने पठन-पाठन प्रक्रियालाई सम्झनु पर्छ। यस प्रक्रिया अन्तर्गत भर्ना सम्बन्धी विज्ञापन, प्रवेश परिक्षा, भर्ना आदि समेतलाई जनाउछ।

थ) "मान्यता पत्र" यस विनियमावली अनुसार सम्पूर्ण प्रक्रिया तथा मापदण्ड पुगेका संस्थाहरुलाई इन्जिनियरिंग विषयमा अध्ययन अध्यापन गर्न गराउन प्रदान गरिने अनुमति पत्रलाई सम्झनु पर्छ।

द) "विद्यार्थी संख्या-कक्षा" भन्नाले शैक्षिक कार्यक्रममा एक कक्षाको लागि हुनसक्ने अधिकतम विद्यार्थी संख्यालाई सम्झनु पर्छ। यो संख्याले स्नातक तहमा अधिकतम ४८ जना विद्यार्थी संख्यालाई जनाउछ।

३. विनियमावलीको व्याख्या

१) अख्तियारवालाले यस विनियमावलीको प्रयोग गर्दा कुनै संस्था वा व्यक्ति विशेषलाई मर्का परेमा त्यस्तो मर्का पर्ने संस्था वा व्यक्ति विशेषले रजिष्ट्रार मार्फत परिषद् समक्ष निवेदन दिन सक्नेछ।

२) उपविनियम ३ (१) बमोजिम प्राप्त निवेदनको सम्बन्धमा परिषद्ले गरेको व्याख्या अन्तिम हुनेछ।

३) विनियमावलीको जानकारी प्राप्त गर्नुपर्नेः यस विनियमावलीमा व्यवस्था भएका प्रावधानहरुको बारेमा जानकारी प्राप्त गर्नु सरोकारवाला प्रत्येक संस्थाको कर्तव्य हुनेछ।

४) यस विनियमावलीका अनुसूची ५ र अनुसूची ६ मा उल्लेख भएका शर्त तथा मापदण्डहरुको व्याख्या "इन्जिनियरिङ्ग शिक्षण संस्थाको मान्यता तथा अनुगमन निर्देशिका, २०८१ (स्नातक तथा स्नातकोत्तर कार्यक्रम)" अनुसार हुनेछ।

इन्जिनियरिङ परिषद् ०५६ काठमाण्डु

## परिच्छेद — २
## शिक्षण संस्थाको मान्यता सम्बन्धमा

४. संस्थाको कार्यक्रम संचालनको मान्यताः

१) प्रचलित कानून बमोजिम स्थापना भएका शिक्षण संस्थाले इन्जिनियरिंग विषयको अध्ययन अध्यापन गर्नु, गराउनु अघि ऐनको दफा २१ (क) बमोजिम परिषदबाट मान्यता प्राप्त गर्नु पर्नेछ।

२) संस्थाले कार्यक्रम तथा विद्यार्थी संख्या-कक्षा थपको लागि पनि मान्यता प्राप्त गर्नु पर्नेछ। यसरी प्राप्त मान्यताको निरन्तरता निम्न अनुसार हुनेछः-

(क) अस्थायी मान्यताको लागि प्रत्येक वर्ष अनुगमन गरिने छ।

(ख) स्थायी मान्यताको लागि प्रत्येक दुई वर्षमा अनुगमन गरिने छ।

३) मान्यता प्राप्त भएका कार्यक्रमहरुको नियमित अनुगमन गरि उक्त कार्यक्रमको मान्यतालाई निरन्तरता प्रदान गर्नु पर्नेछ।

४) नयाँ संस्थाहरुले कार्यक्रम संचालनको मान्यता प्राप्त गर्न नियमावलीको नियम १५ मा उल्लेखित कागजात संलग्न गरि सोहि नियमावलीको अनुसुची १३ को ढाँचामा परिषद्मा निवेदन दिनु पर्नेछ।

५) उपविनियम (४) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा कुनै कागजात नपुग भएमा परिषद्ले निवेदकलाई त्यस्तो कागजात पेश गर्न लगाउने छ।

६) उपविनियम (४) बमोजिम पेश भएको निवेदनको साथमा यस विनियामवलिको अनुसूची-१ बमोजिमको आवेदन शुल्क र निरीक्षण शुल्क बुझाउनु पर्नेछ।

७) उपविनियम (४) बमोजिमको निवेदनका साथ कागजात र उपविनियम (५) बमोजिमको शुल्क प्राप्त भएमा परिषद्ले स्थलगत निरीक्षणको लागि निरीक्षण टोलि गठन गर्नेछ।

८) उपविनियम (७) बमोजिम गठन भएको निरीक्षण टोलिले यस विनियमावलीमा भएका शर्त तथा मापदण्ड पुरा भए नभएको स्थलगत निरीक्षण गरि प्रतिबेदन १५ दिन भित्र परिषद्मा पेश गर्नु पर्नेछ।

९) उपविनियम (८) बमोजिम निरीक्षण प्रतिवेदन प्राप्त भए पश्चात परिषद्ले यस विनियमावलीका शर्त तथा मापदण्ड पुरा भएमा ३० दिन भित्र संस्थाको कार्यक्रम संचालनको लागि मान्यता स्वीकृत गर्नेछ।

१०) कार्यक्रम संचालनको मान्यता स्वीकृत गरिएको जानकारी भए पश्चात संस्थाले यस विनियमावलीको अनुसूची १ बमोजिमको मान्यता शुल्क परिषद्मा बुझाएमा विनियमावलीको अनुसूची ३ बमोजिमको ढाँचामा मान्यता — पत्र जारी गरिने छ।

११) उपविनियम (८) बमोजिम निरीक्षण प्रतिवेदन प्राप्त भए पश्चात परिषद्ले यस विनियामवलीका शर्त तथा मापदण्ड पुरा नभएमा ३० दिन भित्र संस्था वा कार्यक्रम संचालनको लागि मान्यता प्रदान गर्न नमिल्ने व्यहोरा जानकारी गराउनेछ।

५. कार्यक्रम/विद्यार्थी संख्या-कक्षा थपको मान्यताः

१) संस्थाले कार्यक्रम थप गर्न चाहेमा अनुसूची २ को ढांचामा परिषद्मा निवेदन पेश गर्नु पर्नेछ।

२) उपविनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा कुनै कागजात नपुग भएमा निवेदकलाई परिषद्ले त्यस्तो कागजात पेश गर्न लगाउने छ।

३) उपविनियम (१) बमोजीम निवेदनको साथ संस्थाले अनुसूची १ बमोजिमको आवेदन तथा निरीक्षण शुल्क बुझाउनु पर्नेछ।

४) उपविनियम (१) बमोजिमको निवेदनका साथ कागजात र उपविनियम (३) बमोजिमको शुल्क प्राप्त भएमा परिषद्ले स्थलगत निरीक्षणको लागि निरीक्षण टोलि गठन गर्नेछ।

५) उपविनियम (४) बमोजिम गठन भएको निरीक्षण टोलिले स्थलगत निरीक्षण गरि १५ दिन भित्र परिषद्मा निरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

६) उपविनियम (५) बमोजिम निरीक्षण प्रतिवेदन प्राप्त भए पश्चात परिषद्ले यस विनियमावलीका शर्त तथा मापदण्ड पुरा भएमा ३० दिन भित्र कार्यक्रम/विद्यार्थी संख्या-कक्षा थपको मान्यता स्वीकृत गर्नेछ।

७) कार्यक्रम/विद्यार्थी संख्या-कक्षा थपको मान्यता स्वीकृत गरिएको जानकारी भए पश्चात संस्थाले यस विनियमावलीको अनुसूची १ बमोजिमको मान्यता शुल्क परिषद्मा बुझाएमा अनुसूची ३ बमोजिमको ढांचामा मान्यता — पत्र जारी गरिने छ।

८) उपविनियम (५) बमोजिम निरीक्षण प्रतिवेदन प्राप्त भए पश्चात परिषद्ले यस विनियमावलीका शर्त पुरा नभएमा परिषद्ले ३० दिन भित्र मान्यता प्रदान गर्न नमिल्ने व्यहोरा जानकारी गराउनेछ।

६. कार्यक्रम खारेज/विद्यार्थी संख्या-कक्षा घटाउनेः

१) मान्यता प्राप्त संस्थाले मान्यता प्राप्त गरेका कार्यक्रमहरु मध्येबाट खारेज गर्न वा स्वीकृत विद्यार्थी संख्या-कक्षा घटाउन चाहेमा कारण खुलाई परिषद्मा निवेदन दिनु पर्नेछ।

२) उपविनियम (१) अनुसार निवेदन दिने संस्थाले निवेदन दिए पश्चात खारेज गर्न चाहेको कार्यक्रम वा घटाउन चाहेको विद्यार्थी संख्या-कक्षा भर्ना गर्न पाउने छैन।

३) उपविनियम (१) अनुसारको निवेदन उपर परिषद्ले खारेजी सम्बन्धी निर्णय गरि सो संस्थालाई कार्यक्रम खारेज वा विद्यार्थी संख्या-कक्षा घटेको स्वीकृतीको जानकारी दिनेछ।

४) उपविनियम (३) अनुसार खारेज गरेको कार्यक्रम वा घटेको विद्यार्थी संख्या-कक्षामा पुनः कार्यक्रम थप वा विद्यार्थी संख्या-कक्षा थप गर्न चाहेमा यस विनियमावलीको विनियम ५ अनुसारको प्रक्रियामा जानु पर्नेछ।

५) उपविनियम (३) अनुसार खारेज भएको कार्यक्रममा खारेज हुनु पूर्व भर्ना भएका विद्यार्थीहरुको अध्ययन अध्यापन यथावत रुपमा संचालन गर्ने जिम्मेवारी सोहि संस्थाको हुनेछ।

७. निरीक्षण टोलिः

१) यस विनियमावली को विनियम ४ र ५ बमोजिमको मान्यता प्रदान गर्न परिषद्ले कम्तिमा ३ जना सम्मको निरीक्षण टोलि गठन गर्न सक्नेछ। यसरि गठन गर्ने निरिक्षण टोलिमा आवश्यकता अनुसार विषय विज्ञलाई समेत समावेश गर्न सकिने छ।

२) उपविनियम (१) बमोजिम निरीक्षण टोलिले शिक्षण संस्थाको स्थलगत अध्ययन तथा अनुगमन गरि १५ दिन भित्र निरीक्षण प्रतिवेदन परिषद्मा पेश गर्नेछ।

८. अस्थायी मान्यताका शर्तहरुः

१) नयाँ संस्था संचालनको मान्यताको लागि अनुसूची ५ मा उल्लेख भएका प्रत्येक मापदण्ड (Criteria) हरुमा न्युनतम ५०% अंक प्राप्त गरी औसतमा ६०% अंक प्राप्त गरेमा परिषद्ले अस्थायी मान्यता प्रदान गर्नेछ।

२) संस्था वा कार्यकमको मान्यताको निरन्तरताको लागि अनुसूची ६ मा उल्लेख भएका प्रत्येक मापदण्ड (Criteria) हरुमा न्युनतम ६०% अंक प्राप्त गरी औसतमा ७०% अंक प्राप्त गरेमा परिषद्ले अस्थायी मान्यतालाई निरन्तरता प्रदान गर्नेछ।

३) उपविनियम (२) अनुसार मापदण्ड नपुगेका संस्थाले मापदण्ड सुधार गरि तिन महिना भित्र पुनः मान्यताको निरन्तरताको लागि अनुगमन गराउनु पर्नेछ।

४) उपविनियम (३) अनुसार दोश्रो पटक पनि मापदण्ड पूरा नभएको अवस्थामा उक्त संस्थाले पुनः अन्तिम एक पटकको लागि परिषद्को दोश्रो निर्णयको मितिबाट तिन महिना नबढाई अनुगमन गराई सक्नु पर्नेछ।

५) उपविनियम (४) र (५) बमोजिमको मान्यता अस्वीकृतको निर्णयमा वा तोकिएको अवधि भित्र संस्थाले प्रक्रिया शुरु नगरेमा परिषद्ले नियमावलीको नियम १६(२) बमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाउने छ।

६) कार्यक्रम वा विद्यार्थी संख्या-कक्षा थप गर्दा अनुसूची ६ मा उल्लेख भएका प्रत्येक मापदण्ड (Criteria) हरुमा न्युनतम ६०% अंक प्राप्त गरी औसतमा ७०% अंक प्राप्त गरेमा परिषद्ले थपको अस्थायी मान्यता प्रदान गर्नेछ।

७) उपविनियम (६) बमोजिमको नयाँ कार्यक्रम वा थप विद्यार्थी भर्ना संख्याको लागि आवश्यक पर्ने मापदण्ड (Criteria) पूरा नभएको तर केही कार्यक्रम चलाउन वा विद्यार्थी संख्या-कक्षा थपको लागि आवश्यक पूर्वाधार भएको अवस्थामा परिषद्ले देहाय बमोजिमको निर्णय गर्न सक्नेछ।

(क) मान्यता माग गरेको कार्यक्रमहरु मध्ये मापदण्ड पुग्ने कार्यक्रमलाई मात्र मान्यता प्रदान गर्न सक्नेछ।

(ख) मान्यता माग गरेका कार्यक्रमहरुमा मापदण्ड पुग्ने विद्यार्थी संख्या-कक्षा घटाई मान्यता दिन सक्नेछ।

९. स्थायी मान्यता प्रदान गर्नेः



इन्जिनियरिङ

१) अस्थायी मान्यता प्राप्त गरेको पाँच वर्ष भित्र संस्थाले स्थायी मान्यताको लागि नियमावलीको नियम १५ (५) बमोजिम यस विनियमावलीको अनुसूची ६ मा उल्लेख भएका मापदण्ड (Criteria) हरुमा विनियम ८(२) बमोजिमको मान्यताको निरन्तरताको लागि आवश्यक पर्ने न्युनतम अंक प्राप्त गरेको हुनु पर्नेछ।

२) उपविनियम (१) बमोजिम मापदण्ड पुरा गरेमा परिषद्ले स्थायी मान्यता प्रदान गर्नेछ।

३) उपविनियम (१) अनुसार मापदण्ड नपुगेका संस्थाले मापदण्ड सुधार गरि तिन महिना भित्र पुनः मान्यताको निरन्तरताको लागि अनुगमन गराउनु पर्नेछ।

४) उपविनियम (३) अनुसार दोश्रो पटक पनि मापदण्ड पुरा नभएको अवस्थामा उक्त संस्थाले पुनः अन्तिम एक पटकको लागि परिषद्को दोश्रो निर्णयको मितिबाट तिन महिना नबढाई अनुगमन गराई सक्नु पर्नेछ।

५) उपविनियम (३) र (४) बमोजिमको मान्यता अस्वीकृतको निर्णयमा वा तोकिएको अवधि भित्र संस्थाले प्रक्रिया शुरु नगरेमा परिषद्ले नयाँ विद्यार्थी भर्नामा रोक लगाई नियमावलीको नियम १६(२) बमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाउने छ।

६) उपविनियम (५) बमोजिम कारवाहीको प्रक्रिया शुरु गर्नु अगाडी त्यस्ता शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीको पढाई सुनिश्चितता गर्ने दायित्व सम्बन्धित संस्थाको हुनेछ।



नेपाल इन्जिनियरिङ परिषद्

## परिच्छेद — ४
## अनुगमन

१०. नियमित अनुगमनः

१) अस्थायी वा स्थायी मान्यता प्राप्त गरेका शिक्षण संस्थाहरुले मान्यता निरन्तरताको लागि नियमित अनुगमन गराउनु पर्नेछ।

२) परिषद्‌ले शिक्षण संस्थाहरुको अनुगमन गर्न आर्थिक वर्षको शुरुमा वार्षिक अनुगमन तालिका प्रकाशन गर्नेछ।

३) उपविनियम (२) बमोजिम प्रकाशित तालिका अनुसार परिषद्‌ले अनुगमन गर्नेछ।

४) अस्थायी मान्यता प्राप्त गरेको शिक्षण संस्थाले प्रत्येक वर्ष नियमित अनुगमन गराउनु पर्नेछ।

५) स्थायी मान्यता प्राप्त गरेको शिक्षण संस्थाको हकमा प्रत्येक दुई वर्षमा नियमित अनुगमन गराउनु पर्नेछ।

६) उपविनियम (४) र (५) बमोजिमको अनुगमन गराउनको लागि संस्थाले वार्षिक अनुगमन तालिका बमोजिमको अवधि भित्र परिषद्मा अनुगमन शुल्क बुझाई सक्नु पर्नेछ।

७) उपविनियम (४) र (५) बमोजिमको निवेदन पेश गर्दा संस्थाहरुले अनुसूची ६ मा भएका शर्त तथा मापदण्डहरुको विवरण भरि अनुसूची १ बमोजिम शुल्क समेत बुझाउनु पर्नेछ।

११. आकस्मिक अनुगमनः

१) विनियम १० मा जुनसुकै कुरा लेखिएको भएतापनि परिषद्‌ले चाहेमा देहायको अवस्थामा संस्थाको आकस्मिक अनुगमन गर्न सक्नेछ।

(क) परिषद्‌को ध्यानाकर्षण भएमा,

१) विशेष सूचना तथा पत्रपत्रिका र अन्य संचार माध्यममा प्रकाशित समाचार र विज्ञापन मार्फत।

२) विद्यार्थी, अभिभावक, शिक्षक वा अन्य सरोकारवालाहरुबाट निबेदन परेमा।

३) परिषद्बाट माग गरिएका प्रगति विवरण, विद्यार्थी संख्या वा खास कुनै इन्जिनियरिङ्ग कार्यक्रमको विवरण सम्बन्धित शिक्षण संस्थाले समयमै नबुझाएमा,

४) परिषद्‌ले आवश्यक ठानेमा।

(ख) आकस्मिक अनुगमन गर्ने अख्तियारवालाले परिषदमा अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ।

२) आकस्मिक अनुगमनको प्रतिवेदन अनुसार परिषद्‌ले सम्बन्धित शिक्षण संस्थालाई निर्देशन दिनेछ।

३) उपविनियम (२) अनुसारको निर्देशन पालना गर्नु सम्बन्धीत संस्थाको कर्तव्य हुनेछ।



इन्जिनियरिङ परिषद

१२. खारेजी र बचाउः

१) यो विनियमावली लागू हुनु पूर्व मान्यता निरन्तरता प्रदान गर्ने प्रक्रिया शुरु भएका संस्थाहरुको मान्यताको प्रक्रिया इन्जिनियरिङ्ग शिक्षण संस्थालाई मान्यता प्रदान गर्ने विनियमावली, २०६६ (चौथो संसोधन २०७०) अनुसार सम्पन्न गरिने छ।

२) नेपाल इन्जिनियरिङ्ग परिषद्, इन्जिनियरिङ्ग शिक्षण संस्थालाई मान्यता प्रदान गर्ने विनियमावली, २०६६ (चौथो संसोधन २०७०) खारेज गरिएको छ।

३) नेपाल इन्जिनियरिङ्ग परिषद्, इन्जिनियरिङ्ग शिक्षण संस्थालाई मान्यता प्रदान गर्ने विनियमावली, २०६६ (चौथो संसोधन २०७०) बमोजिम भए गरेका कामकारवाहीहरु यसै विनियमावली बमोजिम भए गरेको मानिनेछ।



नेपाल इन्जिनियरिङ परिषद्

## अनुसूची -१

### यस विनियमावली बमोजिम परिषद्‌ले लिने शुल्क सम्बन्धी

क) स्नातक तहको लागि

१. आवेदन शुल्कः रु. ४०,०००.००

   क) नयाँ संस्थाको अस्थायी मान्यता,

   ख) कार्यक्रम/विद्यार्थी संख्या थप,

   ग) स्थायी मान्यता

२. निरीक्षण/अनुगमन शुल्कः रु. ५०,०००.०० + रु. १०,०००.०० प्रति विद्यार्थी संख्या-कक्षा (स्वीकृत क्षमता)

३. मान्यता शुल्कः

   क) नयाँ संस्थाको अस्थायी मान्यता शुल्कः

   - आंगिक क्याम्पस/स्कूलः रु. ३००,०००.००
   - सामुदायिक कलेजः रु. ३००,०००.००
   - निजी कलेजः रु. ५००,०००.००

   ख) स्थायी मान्यता शुल्कः

   - प्रति विद्यार्थी कक्षा-संख्या (स्वीकृत क्षमता): रु. ६०,०००.००

   ग) कार्यक्रम/विद्यार्थी संख्या थपको मान्यताः

   - कार्यक्रम थपः रु. १००,०००.०० प्रति कार्यक्रम
   - विद्यार्थी कक्षा-संख्या थपः रु. ५०,०००.०० प्रति कक्षा (थप स्वीकृत क्षमता)

४. मान्यता निरन्तरता शुल्क (नियमत अनुगमन पश्चात):

   - प्रति विद्यार्थी कक्षा-संख्या (स्वीकृत क्षमता): रु. ५०,०००.००

पुनश्चः अस्थायी मान्यताको निरन्तरताको लागि प्रत्येक वर्ष र स्थायी मान्यता निरन्तरताको लागि प्रत्येक दुई वर्षमा अनुगमन गराउनु पर्नेछ ।



इन्जिनियरिङ परिषद्

अनुसूची — २

विनियम ५ सँग सम्बन्धित

कार्यक्रम वा विद्यार्थी संख्या थपको मान्यता माग गर्ने निवेदनको ढाँचा

मितिः

नेपाल इन्जिनियरिङ्ग परिषद्
काठमाण्डौं ।

विषयः कार्यक्रम/विद्यार्थी संख्या थपको मान्यता माग गर्ने सम्बन्धमा।

यस संस्थाले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ (पहिलो संसोधन २०७९), नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७ (तेस्रो संसोधन २०८०) र इन्जिनियरिङ्ग शिक्षण संस्थाको मान्यता तथा अनुगमन सम्बन्धी विनियमावली, २०८० को विनियम ५ मा भएको व्यवस्था अनुसार इन्जिनियरिङ्ग शिक्षा अध्ययन अध्यापन गराउने उदेश्य अनुरुप संस्था संचालनको/नयाँ कार्यक्रम/विद्यार्थी संख्या थपको मान्यता माग गर्न निम्न विवरण र देहायका कागजात संलग्न यो निवेदन पेश गरेको छु।

| क्र. सं. | शैशिक कार्यक्रमहरु | हाल मान्यता प्राप्त विद्यार्थी संख्या | माग गरिएको थप विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

१) संस्थाको नामः-............................................................................................

२) संस्थाको ठेगानाः

३) .......................... प्रदेश, .......................जिल्ला,

..........................गाउँपालिका/नगरपालिका, वडा नं. ..........

४) फोन नं. ................ मोबाइल नं. ............................ इमेलः............................

..................... प्रदेश,.................. जिल्ला, .......................गाउँपालिका/नगरपालिका, वडा नं.......

फोन नं. ............. मोबाइल नं. .................. इमेलः.........................

५) संस्थाको सञ्चालक समितिका पधाधिकारी र सदस्यहरुको विवरणः

| क.सं. | नाम | ठेगाना | पद | नागरिकता नं. र जिल्ला |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

६) संस्थाको प्राचार्य तथा विभागीय प्रमुखहरुको विवरणः

| क.सं. | नाम | शैक्षिक योग्यता | अनुभव | नागरिकता नं. र जिल्ला |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

७) संस्थाको साँगठानिक संरचना
(सांगठनिक संरचनाको को चित्र-विवरण पेश गर्नु पर्नेछ)

८) संस्था दर्ता भएको सम्बन्धित निकायको विवरण (प्रमाणपत्र संलग्न छ)

| क.सं. | निकाय | दर्ता नं. | दर्ता मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

९) संलग्न कागजातहरुः

क) इन्जिनियरिङ्ग विषय अध्ययन, अध्यापनको लागि विश्वविद्यालयबाट लिएको सम्बन्धन सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि,

ख) अध्ययन, अध्यापन गर्न, गराउन प्रस्तावित इन्जिनियरिङ्ग विषयको विधा, तह र विद्यार्थी सङ्ख्याको विवरण,

ग) विद्यार्थी भर्नाका आधार तथा शर्त, शैक्षिक कर्यक्रमको पाठ्यक्रम, शैक्षिक मापदण्ड र परीक्षा प्रणालीको विवरण,

घ) शिक्षण संस्था सञ्चालनको लागि आवश्यक कानूनी, प्राज्ञिक र शैक्षिक पूर्वाधारको विवरण,

ङ) संस्थाको तर्फबाट निवेदकको अख्तियारनामा

च) परिषद्ले तोकेको बैंक खातामा आवेदन तथा निरीक्षण शुल्क बुझाएको भौचर

छ) अन्य प्रासाङ्गीक कागजातहरु

१०) संस्थाको छापः

नेपाल इन्जिनियरिङ परिषद्
२०५६
काठमाण्डु

११) निवेदकको विवरणः

| | |
|---|---|
| नामः | |
| हस्ताक्षर | |
| पद | |
| ठेगाना | |
| फोन नम्बर | |
| ई. मेलः | |

अनुसूची - ३

(विनियम ४ र ५ संग सम्बन्धित)

मान्यता-पत्रको ढाँचा

नेपाल इन्जिनियरिङ्ग परिषद्

Nepal Engineering Council

## शैक्षिक संस्थाको मान्यता – पत्र

...................................... प्रदेश .................... जिल्ला .................................. नगरपालिका/गाउँपालिका, वडा नं. ................. स्थित श्री ................................................ (शैक्षिक संस्थाको नाम) लाई नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा २१ (क) तथा नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७ (तेस्रो संसोधन, २०८०) को नियम १५ बमोजिम परिषद्को मिति .................. को निर्णय अनुसार देहायको शैक्षिक कार्यक्रम संचालनको लागि स्थायी/अस्थायी मान्यता प्रदान गरिएको छ।

मान्यता प्राप्त कार्यक्रमहरु :

ख) स्नातक तहः

| क्र. सं. | शैक्षिक कार्यक्रमहरु | मान्यता प्राप्त मिति | आगामी अनुगमन गर्नुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

परिषद्को छाप

रजिष्ट्रार

नामः ................................

हस्ताक्षरः ...................



इन्जिनियरिङ परिषद्

अनुसूची – ४

विनियम ६ सँग सम्बन्धित

कार्यक्रम खारेज/विद्यार्थी संख्या घटाउने निवेदनको ढांचा

मितिः ........................

नेपाल इन्जिनियरिङ्ग परिषद्
काठमाण्डौं ।

विषयः कार्यक्रम खारेज/विद्यार्थी संख्या घटाउने सम्बन्धमा

यस संस्थाले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ (पहिलो संशोधन २०७९), नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७ (तेस्रो संशोधन २०८०) र इन्जिनियरिङ्ग शिक्षण संस्थाको मान्यता तथा अनुगमन विनियमावली, २०८० को विनियम ६ मा भएको व्यवस्था अनुसार कार्यक्रम खारेज/विद्यार्थी संख्या घटाउनु पर्ने भएकाले देहायका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु।

कार्यक्रम खारेज/विद्यार्थी संख्या घटाउनु पर्ने

| क्र. सं. | शैशिक कार्यक्रमहरु | मान्यता प्राप्त विद्यार्थी संख्या | खारेज वा विद्यार्थी घटाउन माग गरेको संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

निवेदकः

नामः

दस्तखतः

पदः

संलग्न कागजातहरुः

१) चालु शैक्षिक सत्र भएको अनुगमन अनुसार प्राप्त मन्यता-पत्रको प्रतिलिपि,

२) संस्थाको तर्फबाट निवेदकको अख्तियारनामा

३) अन्य प्रासाङ्गीक कागजातहरुः



इन्जिनियरिङ परिषद

अनुसूची ५

विनियम ४ सग सम्बन्धित

नयाँ संस्थाको मान्यता सम्बन्धी मापदण्ड

अनुसूची ६

विनियम ४ सग सम्बन्धित

संस्थाको मान्यता निरन्तरता तथा कार्यक्रम/विद्यार्थी कक्षा-संख्या थप सम्बन्धी मापदण्ड

नेपाल इन्जिनियरिङ परिषद्
२०५६
काठमाण्डू

नेपाल इन्जिनियरिङ्ग परिषद्

इन्जिनियरिङ्ग शिक्षण संस्थाको स्नातक तहका कार्यक्रमहरुको मान्यता तथा अनुगमन विनियमावली, २०८१

अनुसूची ५

मापदण्डहरु तथा प्रतिशत भार

| S/N | Criteria | Score |
|---|---|---|
| 1 | Criterion I: Institutional Policy, Governance and Leadership | 25.0 |
| 2 | Criterion II: Curriculum Management and Teaching Learning Process | 10.0 |
| 3 | Criterion III: Research, Knowledge generation and Extension | 5.0 |
| 4 | Criterion IV: Physical Resources | 35.0 |
| 5 | Criterion V: Human Resources | 20.0 |
| 6 | Criterion VI: Students' Welfare and Support Services | 5.0 |
| | Total | 100.0 |

नेपाल इन्जिनियरिङ परिषद्
२०५६
काठमाण्डू

अनुसूची ५

इन्जिनियरिङ्ग शिक्षण संस्थाको स्नातक तहका कार्यक्रमहरुको मान्यता तथा अनुगमन विनियमावली, २०८१

Criterion I: Institutional Policy, Governance and Leadership

| S/N | | Criteria | Full Marks | Conditional Score | Score |
|---|---|---|---|---|---|
| 1 | Vision, Mission, Goals and Objectives | | 3.0 | | |
| | | Documents in standard format (well defined) | | 3.0 | |
| | | Documents in not standard format | | 2.0 | |
| | | Not available | | 0.0 | |
| 2 | Policy documents | | | | |
| | a | Quality Assurance Policies | 3.0 | | |
| | | Policy available | | 3.0 | |
| | | Policy not available | | 0.0 | |
| | b | Research Policy (ethics, funding, inttelectual and research management) | 3.0 | | |
| | | Policy available | | 3.0 | |
| | | Policy not available | | 0.0 | |
| | c | Faculty development Policy | 3.0 | | |
| | | Policy available | | 3.0 | |
| | | Policy not available | | 0.0 | |
| | d | Employees bylaws | 3.0 | | |
| | | Bylaws available | | 3.0 | |
| | | Bylaws not available | | 0.0 | |
| 3 | Organization Chart (Organogram) with defined Responsibility and duties | | 2.0 | | |
| | | Organizational structure available | | 2.0 | |
| | | Organizational structure not available | | 0.0 | |
| 4 | Performance monitoring and appraisal system (documentation) | | 2.0 | | |
| | | Documentation available | | 2.0 | |
| | | Documentation not available | | 0.0 | |
| 5 | Education Management Information System (EMIS) | | 2.0 | | |
| | | EMIS is implemented | | 2.0 | |
| | | Not available | | 0.0 | |
| 6 | Public information system | | 1.0 | | |
| | | Public Information System implemented | | 1.0 | |
| | | Not available | | 0.0 | |
| 7 | Scholarships and financial supports for students (Policies) | | 2.0 | | |
| | | Additional scholarship provisions (except University scholarships) | | 2.0 | |
| | | Not available | | 0.0 | |
| 8 | Institutional Social Responsibility (ISR) policies | | 1.0 | | |
| | | Available ISR policies | | 1.0 | |
| | | Not available | | 0.0 | |
| | | Total Score | 25.0 | | |

नेपाल इन्जिनियरिङ परिषद्
काठमाण्डू

अनुसूची ५

इन्जिनियरिङ्ग शिक्षण संस्थाको स्नातक तहका कार्यक्रमहरुको मान्यता तथा अनुगमन विनियमावली, २०८१

Criterion II: Curriculum Management and Teaching Learning Process

| S/N | | Criteria | Full Marks | Conditional Score | Score |
|---|---|---|---|---|---|
| 1 | Institutional outputs (Improved Quality of Teaching) | | | | |
| | a | Routine and Course file Management | 4.0 | | |
| | | Couse file effectively maintained and implemented | | 4.00 | |
| | | Not maintained | | 0.00 | |
| | b | Management of laboratory/practical works (Allocation of all laboratories for each subjects in the routine) and maintaining the records for each laboratory/practical | 2.0 | | |
| | | Available all laboratory and practical works (first year fully established labs) | | 2.00 | |
| | | Available all laboratory and practical works (first semester only fully established labs) | | 1.00 | |
| | | Not available | | 0.00 | |
| | c | Examinations Unit with head | 2.0 | | |
| | | Availabe | | 2.00 | |
| | | Not Available | | 1.00 | |
| | d | Student enrollment plan and sustainability scenario of the college | 2.0 | | |
| | | Plan prepared with the justification of resources | | 2.00 | |
| | | Plan not prepared | | 1.00 | |
| | | Total Score | 10.0 | | |

नेपाल इन्जिनियरिङ परिषद्

काठमाण्डौं

अनुसूची ५

इन्जिनियरिङ्ग शिक्षण संस्थाको स्नातक तहका कार्यक्रमहरुको मान्यता तथा अनुगमन विनियमावली, २०८१

Criterion III: Research, Knowledge generation and Extension

| S/N | Criteria | | Full Marks | Conditional Score | Score |
|---|---|---|---|---|---|
| 1 | Research Budget and Implementation Plans | | 1.0 | | |
| | | Budget allocated as required and plans are in place for implementation | | 1.00 | |
| | | Budget allocated but not implemented | | 0.50 | |
| | | Not Initiated | | 0.00 | |
| 2 | Established Research Management Unit (RMU) | | 2.0 | | |
| | | Established RMU with head of research | | 2.00 | |
| | | Only RMU established | | 1.00 | |
| | | Not established RMU | | 0.00 | |
| 3 | Established Consulting Division | | 1.0 | | |
| | | Plan for the establishement of consulting Division | | 1.00 | |
| | | Plan not available | | 0.00 | |
| 4 | Plan for capacity building of faculty and staff | | 1.0 | | |
| | | Plan with the justification | | 1.00 | |
| | | Not prepared plan | | 0.00 | |
| | | Total | 5.0 | | |

नेपाल इन्जिनियरिङ परिषद् काठमाण्डू

अनुसूची ५

इन्जिनियरिङ्ग शिक्षण संस्थाको स्नातक तहका कार्यक्रमहरुको मान्यता तथा अनुगमन विनियमावली, २०८१

**Criterion IV: Physical Resources**

| S/N | | Criteria | Full Marks | Conditional Score | Score |
|---|---|---|---|---|---|
| 1 | | Requirement for Land Area | 4.0 | | |
| | | 15 Ropani at one location, own land | | 4.00 | |
| | | 15 Ropani at one location, partially leased land | | 3.00 | |
| | | Other land conditions | | 1.00 | |
| 2 | | Buildings and Space requirement | 2.0 | | |
| | | Space available, fully comply with requirements (carpet area 0.6 sq. m per student) | | 2.00 | |
| | | Space available, partially comply with requirements | | 1.00 | |
| 3 | | Engineering Laboratories and Management (Space) | 2.0 | | |
| | | All laboratories (as per the course syllabus) are available and properly maintained | | 2.00 | |
| | | Laboratories (as per the course syllabus) are partially available and moderately maintained | | 1.00 | |
| | | Laboratories (as per the course syllabus) are partially available and poorly maintained | | 0.50 | |
| 4 | | Carpet area requirement for administrative and allied facilities | | | |
| | a | Space for administrative offices and facilities | 1.0 | | |
| | | Space for admin facilities fully comply with the requirements | | 1.00 | |
| | | Space for admin facilities partially comply with the requirements | | 0.50 | |
| | b | Additional facilities for quality learning: Seminar/conference Hall (capacity more than 75 sq. m.) | 1.0 | | |
| | | Conference hall comply with the requirements | | 1.00 | |
| | | Conference hall partially comply with the requirements | | 0.50 | |
| | | Not available conference room | | 0.00 | |
| 5 | | Standard Operating Procedure (SOP) | 1.0 | | |
| | | SOP is available and faculty/staff/students are aware of SOP | | 1.00 | |
| | | SOP not available | | 0.00 | |
| 6 | | Teaching and learning facilities and equipment | | | |
| | a | Total number of classrooms: N (Lecture, Tutorial and Drawing Rooms) | 2.0 | | |
| | | Greater than > N | | 2.00 | |
| | | From 0.8*N to N | | 1.00 | |
| | | Less than 0.8*N | | 0.50 | |
| | b | Carpet area for Classrooms (Lecture, Tutorial and Drawing Rooms) | 1.0 | | |
| | | Carpet area and additional requirements are fully complied | | 1.00 | |
| | | Carpet area and additional requirements are partially complied | | 0.00 | |
| | c | Laboratory/workshop space requirements | 2.0 | | |
| | | Laboratory space, fully comply with the minimum requirement | | 2.00 | |
| | | Laboratory space, partially comply with the minimum requirement | | 1.00 | |
| | d | Library space (reading room) 10 % of total number of students | 1.0 | | |
| | | Reading room seat arrangement, fully comply with the requirements | | 1.00 | |
| | | Reading room seat arrangement, less than requirements | | 0.50 | |
| | e | Requirement for total library area (200 sq. m. for 500 students) | 1.0 | | |
| | | Total area of Library, fully comply with requirements | | 1.00 | |
| | | Total area of Library, less than requirements | | 0.50 | |
| | f | Availability of books in the Library | 2.0 | | |
| | | Availability of book, (Fully comply for First Year requirement) | | 2.00 | |
| | | Partially comply with the requirements | | 1.00 | |
| | g | Library Management System (LMS) | 2.0 | | |
| | | Application of LMS: fully comply with the requirement | | 2.00 | |
| | | Application of LMS: Partially comply with the requirement | | 1.00 | |
| | h | Online access (E-library and other relevant online access) | 1.0 | | |
| | | Online library access available | | 1.00 | |
| | | Online library access is not managed | | 0.00 | |
| 7 | | Additional Infrastructure and amenities | | | |
| | a | Hostel (capacity vs. need) | 1.0 | | |
| | | available | | 1.00 | |
| | | not available | | 0.00 | |
| | b | Sports and Recreation Centre (Types) | 1.0 | | |
| | | Available | | 1.00 | |
| | | not available | | 0.00 | |
| | c | Open space and garden Space | 1.0 | | |
| | | available as per the requirements | | 1.00 | |
| | | not available | | 0.00 | |
| | d | Canteen/Cafeteria | 1.0 | | |
| | | available as per the requirements | | 1.00 | |
| | | not available | | 0.00 | |

नेपाल इन्जिनियरिङ परिषद्
काठमाण्डौ

| | | | | | |
|---|---|---|---|---|---|
| | o | Health Centre and female common room | 1.0 | | |
| | | Available as per the requirments (with primary treatment kits and paramedics) | | 1.00 | |
| | | Not available | | 0.00 | |
| 8 | Occupational Safety and Health (OSH) | | 1.0 | | |
| | | OHS: Rules/regulations available and properly maintained | | 1.00 | |
| | | OHS: Rules/regulations available and moderately maintained | | 0.50 | |
| | | OHS: Rules/regulations available and poorly maintained | | 0.00 | |
| 9 | Computer Laboratories | | 1.0 | | |
| | | Fully comply with the requirements | | 1.00 | |
| | | Partially comply with the requirements | | 0.50 | |
| 11 | Parking Area and Access Road | | 1.0 | | |
| | | Sufficient and well managed parking Space | | 1.00 | |
| | | Moderately sufficient paring space | | 0.50 | |
